गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
मध्यविन्दु जिल्ला अस्पताल
नवलपरासी बर्दघाट सुस्ता पुर्व

पत्र संख्याः०८०/८१
चलानी नम्बर :-

districthospitalsustaeast@gmail.com

## औषधी, सर्जिकल सामग्री तथा प्रयोगशाला सामग्री खरिदको लागि बोलपत्र आव्हानको सुचना

प्रथम पटक सुचना प्रकाशित मितिः २०८०।०५।०१

आ.व.२०८०।८१ मा अस्पतालको लागि आवश्यक पर्ने प्रयोगशाला सामग्री, सर्जिकल सामग्री तथा औषधी ई.बिडिङ मार्फत खरिद गर्नुपर्ने भएकाले ईच्छुक ईजाजत प्राप्त बिक्रेता फर्म कम्पनी तथा सप्लायर्स एवमं व्यवसायीहरुले यो सुचना र बोलपत्र फारममा उल्लेखित शर्तको अधिनमा रही रितपुर्वक बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट

**https://www.bolpatra.gov.np/egp/**

मार्फत पेश गर्न यो सुचना प्रकाशन गरिएको छ।

### तपसिल शर्तहरु

१.आ.व.२०८०।८१ का लागि नविकरण भएको ईजाजतपत्र दर्ता र मु.अ.क.दर्ता सहितको स्थायी लेखा नम्बर प्रमाणपत्र पेश गर्नुपर्नेछ। औषधीको हकमा औषधी व्यवस्था विभागको दर्ता प्रमाणपत्र वा नविकरण पेश गर्नुपर्नेछ। आ.व. २०७८।८९ को करचुक्ता को प्रमाणपत्र वा म्याद थप भएको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

२.बोलपत्र प्रश्ताव पेश गर्दा जमानत बापत रा.वा.बै. कावासोती शाखा कार्यालय कोड नं ३५००९४६०१४ ,धरौटी खाता नं ३२००१००२०२०३०००० मा जम्मा गरेको भौचर वा विड वोन्ड दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन हुनुपर्नेछ र फारम बापतको राजस्व शुल्क रु ३००० प्रत्येकको लागि अलग अलग राजस्व खाता नं १०००१००२०००१०००० मा कार्यालयको कोड नं ३५००९४६०१४ राजस्व शिर्षक नं १४२२९ लेखी जम्मा गरेको सक्कल भौचर पेश (अपलोड) गर्नुपर्नेछ।

३. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिनको कार्यालय समय भित्र खरिद गर्नुपर्नेछ। बोलपत्र रीतपुर्वक भरी सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिनको ठिक १२:०० बजे भित्र बोलपत्र अपलोड गरिसक्नुपर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिन ठिक २ बजे बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछन। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४.प्रस्ताव पत्र दाताले कबोल गरेको प्रत्येक आईटमको दररेटलाई (मु.अ.क.बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दर रेटमा भिन्नता आएमा अक्षरलाई मान्यता दिईने छ।

५.सप्लायर्सले अस्पताललाई बुझाउने औषधी ,ल्याबजन्य सामग्री तथा सर्जिकल सामग्रीहरुको कम्तिमा १ वर्ष( उत्पादन मितिबाट ८० प्रतिशत expiry date) र WHO GMP र ISO certified युक्त हुनुपर्नेछ।

६.अस्पतालले उपलब्ध गराईएको बोलपत्रमा फाररमा प्रत्येकको मुल्य आईटम वाईज रुपमा अनिवार्य रुपमा खुलाउनु पर्नेछ अन्यथा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार अस्पताल प्रशासनमा हुनेछ।

७. शर्त रहेको रित नपुगेको तथा म्याद नाघी आएको प्रस्ताव उपर कुनै कारबाही हुने छैन। एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नामबाट जम्मा गर्न पाईने छैन।

८.यस सुचनामा उल्लेखित ३ वटा वोलपत्र मध्ये विडर्सले आफ्नो ईच्छा अनुसारका बोलपत्र खरिद गर्न सक्नेछन।

९.कुनै वा सबै बोलपत्र पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा आईटमवाईज स्वीकार गर्ने वा समुहगत स्वीकार गर्ने वा रद्द गर्ने सम्पुर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ। बोलपत्र स्वीकृत भई सम्झौता गर्न नआएमा बोलपत्र जमानत पुरै जफत हुनेछ।

१०.बोलपत्र दाताले ल्यावजन्य सामग्री , सर्जिकल सामग्री र औषधी तथा औषधीजन्य सामग्रीहरुको आधिकारिक बितरकको वा Manufacture Authorization Letter पेश गर्नु पर्नेछ अन्यथा बोलपत्र मुल्याङ्कनमा समावेश गरिने छैन।

११. बोलपत्र मुल्याङ्कन गर्दा अस्पतालले आवश्यक ठानेमा नमुना सामान माग गरी सोको आधारमा मुल्याङ्कन गर्न सक्नेछ।

१२.बोलपत्रको वि.ओ.क्यु. को प्रत्येक पानामा विडर्सको छाप साथै आधिकारिक व्यक्तीको दस्तखत भएको हुनु पर्नेछ।

१३.बोलपत्रमा उल्लेखित सामानहरु आवश्यकता अनुसार पटक पटक वा एकमुष्ट रुपमा खरिद गरिनेछ। यसरी खरिद गरिने सामग्री तथा औषधी थप आवश्यक्ता परेमा पुन खरिद गर्न परेमा पनि स्वीकृत टेन्डर दर रेटमानै उपलब्ध गराउनु पर्नेछ।

१४.सप्लाई गरिएका सामानहरु निरिक्षण एवं परीक्षण गर्दा सम्झौतामा उल्लेखित गुणस्तर बमोजिमका नभए सम्झौता रद्द गरिने छ।

१५.बोलपत्र दाताले कबोल गरेको बोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरिद गरिनेछ। त्यसरी खरिद गर्दा बोलपत्रमा उल्लेखित गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्र दाताको जमानतबाट रकम वा भुक्तानी गर्न बाँकी रकमबाट असुल उपर गरिनेछ।

१६.बोलपत्र खरिद कारबाहीमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नवाझिएको वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी स्वयम घोषणा गर्नुपर्नेछ।

१७. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ।

१८.थप जानकारीका लागि यस अस्पतालको प्रशासन शाखा वा फोन नं ०७८-४१८०४६ मा सम्पर्क गर्न सकिनेछ वा अस्पतालको वेभ साईट https://madhyabinduhospital.gandaki.gov.np/ मा हेर्नुहुन अनुरोध छ।

| टेन्डर नं | विवरण | धरौटी रकम रु. | राज स्व दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | लागत मुल्य रू(भ्याट बाहेक) | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| MDH-NAW(BSE)-G-NCB-01/2080-81 | Procurement of Medicine for Hospital | ३०८००० | ३००० | २०८०/०५/३० | १२३०४२३५.९१ | २०८०/०५/३१ दिनको १२ बजे सम्म | २०८०/०५/३१ दिनको २ बजे सम्म | |
| MDH-NAW(BSE)-G-NCB-02/2080-81 | Procurement of Surgical Items for Hospital | १२७००० | ३०० ० | २०८०/०५/३० | ४४७४८९४.४५ | २०८०/०५/३१ दिनको १२ बजे सम्म | २०८०/०५/३१ दिनको २ बजे सम्म | |
| MDH-NAW(BSE)-G-NCB-03/2080-81 | Procurement of Lab Chemical Items for Hospital | १००५०० | ३०० ० | २०८०/०५/३० | ३५५५३८६.७८ | २०८०/०५/३१ दिनको १२ बजे सम्म | २०८०/०५/३१ दिनको २ बजे सम्म | |

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
मध्यविन्दु जिल्ला अस्पताल
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

अस्पताल प्रशासन
मेडिकल सुपरिटेण्डेण्ट